- **बाह्य प्रशिक्षक प्रविणता परीक्षा सम्पन्न**

(२०८२ माघ ०७ गते):

मिति २०८२ माघ ०६ र ०७ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा संचालन भएको "बाह्य प्रशिक्षक प्रविणता परीक्षा" को दिक्षान्त आज मिति २०८२ माघ ०७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा सु-सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथिज्यूले बाह्य प्रशिक्षक प्रविणता परीक्षामा सहभागी प्रहरी कर्मचारीहरुलाई प्रमाण पत्र वितरण एवं Instructor Batch लगाईदिनुका साथै शुभ-कामना एवं बधाई दिँदै प्रशिक्षण कार्यमा अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ र व्यवसायीक हुँदै कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू,प्रहरी निरीक्षकज्यूहरु,जुनियर प्रहरी अधिकृतहरु साथै उक्त परीक्षामा सहभागी प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८२ माघ ०७ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय बढुवा समिति सचिवालयको मिति २०८२।०९।२९ गतेको निर्णयानुसार जनपद प्रहरी समूहतर्फको प्रहरी हवल्दार पदबाट प्रहरी वरिष्ठ हवल्दार पदमा पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई आज मिति २०८२।१०।०७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी प्रति अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो । उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरु , जुनियर प्रहरी अधिकृतहरु तथा प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो ।



- **सरस्वती पुजा सम्पन्न**

(२०८२ माघ ०९ गते):

आज मिति २०८२ माघ ०९ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको परिसर भित्र रहेको सरस्वती माताको मन्दिरमा वसन्तपञ्चमीको अवसरमा विद्याकी देवी सरस्वती माताको पुजा आराधना गरी सरस्वती पुजा सम्पन्न गरियो ।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्र.व.उ.गोविन्द अधिकारीज्यू, सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रशिक्षक वर्ग एवं यस केन्द्रमा सञ्चालनरत आधारभूत तथा सेवाकालिन तालिमका प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो।



- **सरस्वती माता मन्दिर प्राणप्रतिष्ठा कार्यक्रम सम्पन्न**

(२०८२ माघ ०९ गते):

मोरङको सुन्दरहरैचा नगरपालिका – ०९, गोठगाउँस्थित निर्माणाधीन कोशी प्रदेश प्रहरी तालिम केन्द्रको परिसरमा नवनिर्मित सरस्वती मन्दिरको आज विधिवत रूपमा प्राणप्रतिष्ठा गरी सुभारम्भ गरिएको छ। नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यतामा आयोजित एक विशेष समारोहका बीच मन्दिरको प्राणप्रतिष्ठा गरी शुभारम्भ गरिएको हो। आध्यात्मिक अनुष्ठानका साथ सम्पन्न उक्त कार्यक्रमले निर्माणाधीन तालिम केन्द्रको वातावरणमा थप सकारात्मक ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ।

उक्त समारोहमा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेज्यू, सुन्दरहरैचाका नि-वर्तमान नगर प्रमुख शिव प्रसाद ढकालज्यू, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायतका प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो। त्यस्तै गरी कार्यक्रममा संयुक्त राष्ट्रसंघीय परियोजना (UNOPS) का प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, उद्योगी, व्यवसायी, सञ्चारकर्मी, समाजसेवी तथा स्थानीय विद्यालयका शिक्षक र विद्यार्थीहरूको समेत उत्साहजनक सहभागिता रहेको थियो ।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८२ माघ १२ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय बढुवा समिति सचिवालयको मिति २०८२/१०/०४ गतेको निर्णयानुसार जनपद प्रहरी समूहतर्फको प्रहरी सहायक हवल्दार बाट प्रहरी हवल्दार पदमा र प्रहरी जवान पदबाट प्रहरी सहायक हवल्दार पदमा पदोन्नती हुनु भएका प्रहरी कर्मचारीहरुलाई आज मिति २०८२।१०।१२ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी प्रति अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका सिनियर प्रहरी अधिकृतज्यू , जुनियर प्रहरी अधिकृतहरु तथा प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो ।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न**

(२०८२ माघ १४ गते):
२०८२ पुस १३ गते बाट संचालन भईरहेको सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५४ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजीम आज मिति २०८२ माघ १४ गते धनकुटा जिल्लाको साँगुरीगढी गाँउपालिका वडा नं ०५, भेडेटार देखी पाथिभरा मन्दिर सम्मको प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।



- **सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५४ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८२ माघ १८ गते):
मिति २०८२ पुस १३ गतेबाट यस तालिम केन्द्रमा संचालित २६ कार्यदिन अवधिको सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम ५४ औं समूहको आज मिति २०८२ माघ १८ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो। साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **श्री राधाकृष्ण मन्दिर उद्घाटन तथा 'बैण्ड डिस्प्ले' कार्यक्रम सम्पन्न**

(२०८२ माघ १९ गते):
विराटनगर महानगरपालिका वडा नं. १६ स्थित विद्युत प्राधिकरण अगाडि नवनिर्मित श्री राधाकृष्ण मन्दिरको आज विधिवत उद्घाटन गरिएको छ। सो अवसरमा आयोजित नगर परिक्रमा शोभा यात्रामा यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रद्वारा बाजागाजा सहित उत्कृष्ट 'बैण्ड डिस्प्ले' प्रदर्शन गरिएको थियो। सुरक्षा निकायसँगको सहकार्यमा आयोजित सो धार्मिक कार्य समुदाय-प्रहरी साझेदारीको नमुना बनेको थियो। धार्मिक आस्था र साङ्गीतिक रौनकले थप भक्तिमय बनेको सो कार्यक्रममा श्रद्धालुहरूको उत्साहजनक सहभागिता रहेको थियो।



- **शुभ जन्मोत्सवको शुभकामना आदान प्रदान, Tea With Team र साँस्कृतिक कार्यक्रम सम्पन्न:**

(२०८२ माघ २१ गते):
यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा पुस र माघ महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारीहरु,सेवाकालिन तालिम तथा आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम, सहकर्मी संग चिया ( Tea With Team) र यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायव उपरीक्षकज्यूहरु,प्रहरी निरीक्षकज्यूहरु,जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायतका प्रहरी कर्मचारीहरु र यस केन्द्रमा प्रशिक्षणरत प्रहरी जवान आधारभुत तथा उन्नत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **भिड नियन्त्रण (प्र.ज. देखि सि.प्र.अ.) तालिम १०३ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

(२०८२ माघ २२ गते):
मिति २०८२ पुस २८ गतेबाट यस तालिम केन्द्रमा संचालित १९ कार्यदिन अवधिको भिड नियन्त्रण (प्र.ज. देखि सि.प्र.अ.) तालिम १०३ औं समूहको आज मिति २०८२ माघ २२ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।
साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन साथै

सुरक्षाको क्षेत्रमा आईपर्न सक्ने खतराहरु लाई निष्तेज पार्न अहोरात्र तैनाथ हुनुपर्ने समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक दिपक खरेलज्यू, तालिम संयोजक प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्गहरु, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **ट्रयाकसुट वितरण कार्यक्रम सम्पन्न**

(२०८२ माघ २२ गते):

यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रको कल्याणकारी योजना अन्तर्गत कर्मचारीहरूको कार्य–उत्प्रेरणा अभिवृद्धि एवं सामूहिक भावनाको विकास गर्ने उद्देश्यका साथ मिति २०८२ माघ २३ गते एक विशेष कार्यक्रम आयोजना गरि ट्रयाकसुट वितरण गरिएको छ। यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा यस केन्द्रमा कार्यरत २१४ जना प्रहरी कर्मचारीहरूलाई प्रमुख अतिथिज्यूले नि:शुल्क ट्रयाकसुट वितरण गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथिज्यूले यो कार्यक्रम केवल सामग्री वितरणमा मात्र सीमित नरही कर्मचारीहरूको मनोबल उच्च राख्ने, कार्यप्रतिको जिम्मेवारी अझ मजबुत बनाउने तथा संगठन र संस्थाप्रतिको अपनत्व भाव विकास गर्ने एउटा सार्थक प्रयास भएको बताउनु भयो। वितरित ट्र्याक सुट यस केन्द्रका प्रशिक्षक लगायतका कर्मचारीले शारीरिक व्यायाम गर्न तथा गराउन उपयोग हुने बिश्वास ब्यक्त गर्दै "स्वस्थ शरीर, सकारात्मक सोच र दृढ मनोबलले मात्र हामीले तोकिएको कर्तव्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सक्छौं," भन्नुहुँदै उहाँले आगामी दिनहरूमा पनि कर्मचारीहरूको कल्याण, क्षमता अभिवृद्धि तथा उत्प्रेरणामूलक यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उक्त वितरण कार्यक्रममा कार्यरत प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरू लगायत प्रहरी वरिष्ठ हवल्दारदेखि प्रहरी कार्यालय सहयोगी दर्जासम्मका प्रशिक्षक प्रहरी कर्मचारीहरूको उत्साहजनक उपस्थिति रहेको थियो।

